# गैडहवा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

गैडहवा-३ विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश

प.सं.२०७७/०७८
च.नं. २८६२

मितिः २०७८/०२/३१

### विषयः भुक्तानी सम्बन्धमा ।

श्री सरोकारवालाहरु सबै,

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १ बमोजिम विनियोजन ऐनले फ्रिज नहुने भनी तोकिएको शिर्षकको रकम बाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्च लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने भनी नियमावलीमा व्यवस्था भए बमोजिम यस कार्यालयबाट सेवा लिने व्यक्ति, संघ संस्था, फर्म सप्लायर्स, उपभोक्ता समिति र निर्माण व्यवसायीहरुले आ.व. २०७७/०७८ मा भुक्तानीको लागि पेश गरिने कागजातहरु यस कार्यालयमा २०७८ असार १५ गते सम्म पेश गरी भुक्तानी लिई सक्नुपर्नेछ र सो समय भन्दा पछि भुक्तानीको लागि पेश हुने कागजात उपर कुनै कामकारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

२०७८/२/३१

..............................
चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Website: www.gaidahawamun.gov.np Email: gaidahawagaupalika@gmail.com ,ito.gaidahawarmun@gmail.com

आवधिक नगद योजना (पिरियोडिक क्यास प्लान) तर्जुमा गर्नु पर्नेछ।

३०. **आर्थिक वर्ष समाप्त हुनु अघि भुक्तानी निकासा बन्द गर्नु पर्नेः** (१) कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि कार्यालयलाई कार्यक्रम संशोधन भई थप बजेट प्राप्त भएमा, खर्चको स्रोत परिवर्तन भएमा वा अति आवश्यक काम परी खर्च गर्नु परेमा त्यस्तो खर्च पुष्ट्याईं गर्ने बिल, भरपाई, बजेट थप भएको प्रमाण र अन्य कागजातसहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरी भुक्तानी निकासा माग गर्न सकिनेछ। त्यसरी भुक्तानी निकासा माग भइआएमा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्राप्त बिल, भरपाई र सोसाथ संलग्न कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी निकासा दिनु पर्नेछ।

तर कोष तथा लेखा नियन्त्रक कार्यालयले बिल, भरपाई र संलग्न अन्य कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन नमिल्ने देखेमा सो कुरा जनाई भुक्तानी आदेश सम्बन्धित कार्यालयमा फिर्ता पठाउनु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि हिसाब मिलान गर्ने तथा खर्च लेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक आर्थिक वर्षको अन्तिम दिन भुक्तानी निकासा दिइने छैन।

चिरञ्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत